(थ) खण्ड (ज्ञ) को क्रम संख्या २ पछि देहायका क्रम संख्या ३, ४ र ५ थपिएका छन् :-

| क्र. सं | बालीको जात | सिफारिस वर्ष | सिफारिस क्षेत्र |
|---|---|---|---|
| ३ | स्प्रीङ सन – ६० (पञ्जीकरण मात्र ) | २०६७ (२०१०) | मध्य पहाड |
| ४ | एन. ७, $F_1$ (पञ्जीकरण मात्र ) | २०६७ (२०१०) | तराई र मध्य पहाड |
| ५ | सि. आर. चुन दे गिल, $F_1$ (पञ्जीकरण मात्र ) | २०६७ (२०१०) | तराई र मध्य पहाड |

**आज्ञाले,**
**नाथु प्रसाद चौधरी**
**नेपाल सरकारको सचिव**

नेपाल सरकार
अर्थ मन्त्रालयको

## सूचना १

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी पाटन अस्पताल, लगनखेल, ललितपुरको लागि Norvatis Pharma AG, Switzerland बाट उपहार स्वरुप प्रदान गरिने CHF १७,२०,३२०.०० (सत्र लाख बीस हजार तीन सय वीस) मूल्य बराबरको Glivec औषधि आयात गर्दा भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार तथा जापान सरकार बीच ८ अप्रिल २०१० मा भएको Exchange of Notes अनुसार जापान सरकारबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पिछडिएका कृषकहरुका लागि खाद्य सुरक्षा आयोजना अन्तर्गत प्राप्त भएको अनुदान रकमबाट Mitsubishi Corporation, Japan मार्फत खरिद गरिएको १,४४७.५५ मेट्रिक टन म्युरेट अफ पोटास (MOP) मल प्याक गर्ने वोरहरुमध्ये दुई प्रतिशत स्पेयर व्याग (खाली वोरा) ५७९ थान आयात गर्दा भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी आनन्दवन अस्पताल, ललितपुरका लागि The Leprosy Mission International, UK बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ६,१०८.५० (छ हजार एक सय आठ, सेन्ट पचास) मूल्य बराबरको Saliva Self Collection Kit तथा DNeasy Blood and Tissue Kit र GBP १२,६१५.१९ (बाह्र हजार छ सय पन्ध्र, सेन्ट उन्नाईस) मूल्य बराबरको PIPETTE 500VL F500 Type Fix TFP समेतका स्वास्थ्य सामग्रीहरुको आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी Nepal Leprosy Trust नामको गैर सरकारी संस्थाद्वारा सञ्चालित लालगढ कुष्ठरोग अस्पताल, जनकपुरका लागि SIEMENS Healthcare, Germany बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर २३,७५०.०० (तेईस हजार सात सय पचास) मूल्य बराबरको Ultrasound System Machine आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल खीष्टिय राहत सेवा, ललितपुरका लागि Mennonite Central Committee, Canada बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ९,७५०.०० (नौ हजार सात सय पचास) मूल्य बराबरको Relief Kits र ब्लान्केट समेत आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी राधास्वामी सत्संग व्यास नेपाल नामको गैर सरकारी संस्थाद्वारा सञ्चालित सत्संग कार्यक्रमका लागि राधास्वामी सत्संग व्यास, भारतबाट उपहार स्वरुप प्रदान गरिने भा.रु. १,०१,११०।- (एक लाख एक हजार एक सय दश) मूल्य बराबरको रङ्गरोगनका सामग्री आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ७

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखराको लागि German Nepal Help Association बाट उपहार स्वरुप प्रदान गरिने अमेरिकी डलर ४०,५६०.०० (चालीस हजार पाँच सय साठी) मूल्य बराबरको Heamodialysis Machines थान तीन आयात गर्दा मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ११

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल नेत्रज्योती संघ नामको गैर सरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रमका लागि Johns Hopkins University, USA बाट उपहार स्वरुप प्रदान गरिने भा.रु. २,८९,९९६।२० (दुई लाख उनाननव्वे हजार नौ सय छयानव्वे, पैसा वीस) मूल्य बराबरको Double Pot G-3355 Cook Stoves ९७२ थान आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १२

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी पाटन अस्पताल, ललितपुरका लागि University of Oxford, Department of Paediatrics, UK बाट उपहार स्वरुप प्रदान गरिने GBP १,२७१.४० (एक हजार दुई सय एकहत्तर, सेन्ट चालीस) मूल्य बराबरको Lab Equipment and Supplies आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १३

नेपाल सरकारले आर्थिक अध्यादेश, २०६७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी नेपाल विद्युतीय परिवहन संघ, काठमाडौंले ७,२६० थान सफा टेम्पोको व्याट्री आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**राजीव गौतम**
**सहसचिव**



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–
गो.ह.द.नं. १६।०६२।६३
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।